१०. विश्वव्यापी स्वास्थ्य र वातावरणका लागी स्थानीय पहल नेपाल (LAGHE Nepal) ले जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र (DEOC) लाई १ थान 3 in 1 (प्रिन्टर,स्क्यानर र फोटोकपी) मेसिन उपलब्ध गराएकोमा उक्त संस्थालाई धन्यवाद दिने ।

११. यस जिल्ला स्थित सबै सरकारी कार्यालय तथा संस्थानहरूलाई आ-आफ्नो कार्यालयमा अनिवार्य रुपमा आगलागी नियन्त्रण उपकरण Fire Extinguisher राख्नका लागी अनुरोध गर्ने ।

१२. नेपाल आयल निगमका ट्यांकरहरु सडकमा पार्किङ गर्ने गरिएको सन्दर्भमा सोबाट भविष्यमा सृजना हुने जोखिम न्यूनिकरणका लागी उक्त कार्यालयसँग समन्वय गरि यथाशिघ्र ट्यांकरहरु अन्यत्र व्यवस्थापन गर्न अनुरोध गर्ने ।

१३. सामुदायिक वनको काठ/दाउरा संकलन तथा बिक्रि वितरण निर्देशिका २०७१ को दफा ४(२) मा प्राकृतिक प्रकोप, विपत्ति (बाढी, पहिरो, हावाहुरी, हिमपात, आगजनी आदी) का कारणले रुख ढली हानी नोक्सानी वा नासिने अवस्था भएमा त्यस्ता रुखहरुको लगत लिई जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय साथ जिल्ला वन अधिकृतको सिफारिसमा वन विभागले संकलन ईजाजत दिन सक्ने भन्ने व्यवस्था भए बमोजिम डिभिजन वन कार्यालय, धनगढी, कैलालीको च.नं. २००० मिति २०७७/१२/२६ गतेको पत्र साथ प्राप्त फाईलहरु जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा राखी अध्ययन गर्दा स्थलगत रुपमा निरिक्षण प्रतिवेदन, जि.पी.एस. लोकेशन तथा ढलापडा रुखहरुको स्थिति फोटो सहितको लगत, सम्बन्धित सब डिभिजन वन कार्यालयका प्रतिनिधि तथा सामुदायिक वन उपभोक्ता समुहका पदाधिकारीहरु समेतको सर्जमिन मुचुल्का समेतका कागजातहरु पेश हुन आएकोले मिति २०७७।०४।१४ मा आएको हावाहुरी, अविरल वर्षा र पहिरोका कारण चुरे गा.पा. ६ स्थित सिद्ध भगवती सामुदायिक वन, ऐ. ऐ. १ स्थित भगवती सामुदायिक वन, धनगढी उ.म.न.पा. १४ स्थित सिद्धार्थ सामुदायिक वन, ऐ. ऐ. १५ स्थित सिद्धबाबा सामुदायिक वन र ऐ. ऐ. ७ स्थित देवरिया सामुदायिक वनमा बिभिन्न जातका रुखहरु ढलापडा अवस्थामा रहेको र उक्त रुखहरु लामो समय सम्म संकलन नगरि वन क्षेत्र भित्र राख्दा सडिगली नोक्सानी हुने र आगलाली समेत हुने भएकोले संकलित लगत अनुसारको काठ सम्पूर्ण कानुनी प्रक्रिया पुरा गरि त्यस्ता ढलापडा रुखहरु संकलन गरि बिक्रि वितरणको व्यवस्था मिलाउन डिभिजन वन कार्यालय, धनगढी, कैलालीमा सिफारिस गर्ने निर्णय गरियो ।

१४. डिभिजन वन कार्यालय धनगढी कैलालीको च.नं. २००४, मिति २०७७।१२।२६ गतेको प्राप्त पत्रानुसार गोदावरी नगरपालिका वडा नं. १ अन्तर्गत गोदावरी सब-डिभिजन वन कार्यालय अत्तरियाको कम्पाउण्डसँग जोडिएको जितलपुर मुक्त कमैया शिविरमा बिगत लामो समय देखि सुखडखडा तथा ढलापडा रुखहरु जीर्ण अवस्थामा रहेको र हाल हावाहुरीको समय शुरु भएको हुँदा समयमै उक्त रुखहरु हटाई व्यवस्थापन गर्न नसके भौतिक एवं मानविय क्षति समेत हुने सम्भावना रहेकोले उक्त शिविर क्षेत्र भित्र रहेका विभिन्न जातका रुखहरु संख्या ६५ (पैसट्ठी) सम्पूर्ण कानुनी प्रक्रिया पुरा गरि हटाउने व्यवस्था मिलाउन डिभिजन वन कार्यालय, धनगढी, कैलालीमा सिफारिस गर्ने निर्णय गरियो ।

१५. जिल्ला बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना DPRP २०७७/०७८ को अध्याबधिक को लागि कार्य योजना सहित काम अगाडी बढाउन तपशिल बमोजिमको कार्यदल गठन गर्ने संगै प्रत्येक स्थानीय तहहरुले पनि बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना आफ्नो भुगोल अनुसार अद्यावधिक गर्न अनुरोध गर्ने ।

**तपशिल**

स.प्र.जि.अ. संयोजक- जिल्ला प्रशासन कार्यालय कैलाली

सदस्य - मर्सिकोर प्रतिनिधि

सदस्य- NRCS

सदस्य - WVI

सदस्य- LWF

१६. बजार अनुगमन गर्न जाँदा Fire Extinguisher को व्यवस्था भए-नभएको सम्बन्धमा हेरी यदि नभएको खण्डमा अनिवार्य रुपमा राख्न लगाउन वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी कैलालीलाई निर्देशन दिने ।

२०७७।१२।२८

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली

१. यस वर्षको गर्मीको मौसमको शुरुवात सँगै हुरीबतास तथा आगलागीका घटनाहरु बढ्दै जाने र त्यसबाट मानवीय, भौतिक तथा वातावरणीय क्षेत्री हुने भएकोले यसको न्यूनीकरणका लागि आपतकालिन योजना बनाई पूर्व तयारीमा जुट्नका साथै आ-आफ्नो कार्यालयमा रहेका दमकलहरु दुरुस्त अवस्थामा राख्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने।

२. सबै स्थानीय तहहरुले आ-आफ्नो क्षेत्र भित्र स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरि कार्यान्वयन गर्न र एक प्रति जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराई विपद्को सम्भावनाको आंकलन गरी खोज तथा उद्धार र राहतको लागी आवश्यक पर्ने सामग्री खरिद गरी स्थानीय सुरक्षा निकायसँग समन्वय गरि जुनसुकै बेला प्रयोग गर्न सक्ने गरि भण्डारणको व्यवस्था गर्न, वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गर्ने। खोज तथा उद्धारमा परिचालन गर्न सकिने गरि वडा स्तरमै जनशक्ति तयार गर्न र विपद्सँग सम्बन्धित सूचना यथाशिघ्र जिल्ला आपताकालिन कार्य सञ्चालन केन्द्र (DEOC) मा उपलब्ध गराउन सबै स्थानीय तहहरुलाई अनुरोध गर्नुका साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ बमोजिम स्थानीय विपद् व्यवस्थापन समितिलाई कृयशिल बनाई विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न सबै स्थानीय तहलाई अनुरोध गर्ने।

३. विगतमा वर्षातको समयमा डुवान तथा नदी कटानका कारण ठुलो विपद्को सामना गर्नु परेकोले सोही सन्दर्भमा आवश्यक पूर्व तयारीका साथ खोज तथा उद्धार कार्यमा जुनसुकै बेला परिचालन गर्न सकिने गरि तत्काल उद्धार, राहत र पुर्नस्थापना कार्यमा खटिने सुरक्षाकर्मी सहितका आवश्यक जनशक्ति, श्रोतसाधनहरु तत्काल परिचालन हुन सक्ने गरी तयारी अवस्थामा राख्न नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई अनुरोध गर्ने।

४. विगतका वर्षहरु झै यस वर्ष पनि बाढी पूर्वतयारीका लागि सबै स्थानीय तहहरु, राजनैतिक दल, नागरिक समाज, सरकारी तथा गैर सरकारी संघसंस्था, पत्रकार, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाइटी, जिल्ला अगुवा सहयोगी संस्था, संयुक्त राष्ट्रसंघीय निकाय लगायत सरोकारवाल सबैले आ-आफ्नो तयारीका साथ विपद् व्यवस्थापन समितिको समन्वयमा बाढी पूर्वतयारीका गतिविधिहरुमा सक्रिय रुपमा लाग्न अनुरोध गर्ने।

५. मनसूनजन्य विपद्, COVID-19 को बदलिएको वर्तमान स्वरुप र यस प्रकारका अन्य संक्रमणको रोकथाम, नियन्त्रण, उपचार र प्रतिकार्य एकीकृत रुपमा गर्ने विषयमा सूचनाहरु समुदायसम्म पुर्याउन सबै सञ्चार माध्यमहरुलाई र स्थानीय तहहरुलाई सूचना प्रकाशन र प्रशारण गरिदिन अनुरोध गर्ने।

६. जिल्लाका विभिन्न स्थानमा घटेका विपद्का घटना(आगलागी) बाट प्रभावित ४ जनालाई यस कार्यालयबाट जनही रु.१०,००० (दश हजार मात्र)का दरले वितरण गरिएको राहत रकम रु. ४०,०००(चालिस हजार मात्र) समर्थन गर्ने र आगामी दिनमा पनि जिल्ला प्रशासन कार्यालय कैलालीबाट पछि समितिको बैठकबाट समर्थन गर्ने गरि विपद पीडितलाई स्वीकृत मापदण्ड भित्र रही राहत उपलब्ध गराउन कार्यादेश दिने।

७. जिल्ला स्थित सबै स्थानीय तहहरु, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, रेडक्रस, विपद्का क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरुसँग मौजदात रहेको विपद्का वखत प्रयोग गर्न सकिने खोज तथा उद्धार सामग्रीहरुको अद्यावधिक विवरण जिल्ला विपद व्यवस्थापन समिति कैलाली तथा जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र (DEOC )कैलालीमा पठाउने।

८. भजनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय भजनी कैलालीको च.नं. १९०८, मिति २०७७।११।२८ गतेको प्राप्त पत्रका सम्बन्धमा भजनी स्वास्थ्य केन्द्र भजनीलाई १५ शैयाको आधारभुत अस्पताल स्थापना तथा स्तरोन्नतीका लागि भजनी नगरपालिका वडा नं. १, कित्ता नं. २५२ को विगत लामो समय देखि प्राथमिक स्वास्थ्य केन्द्र रहेको सार्वजनिक जगामा भौतिक पूर्वाधारहरु बनाउन प्रकोप तथा विपद् जोखिमको दृष्टिकोणले जोखिममा नरहेको।

९. यस जिल्लाको विपद् व्यवस्थापन समितिको अगुवाइमा विपद पूर्व तयारी तथा प्रतिकार्यका लागी चिसापानीको कर्णाली नदीमा मिति २०७८ वैशाख २१ गते देखि वैशाख २४ गते सम्म हुने कृत्रिम घटना अभ्यास(Simulation) गर्नका लागी नेपाल रेडक्रस सोसाइटी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय तहहरु, UN Agency लगायत सम्बद्ध सबै सरोकारवाला निकायहरुलाई सहयोग तथा सहकार्यका लागी अनुरोध गर्ने र सोको संयोजन नेपाली सेनाले गर्ने निर्णय गरियो।

२०७७।१२।२६

Scanned with CamScanner

श्रीमान अजय कुमार अधिकारी श्री भवानी दल गण
प्र.ना.उ. प्रतिक तिवेर जि.प्र.का कैलाली
रामप्रसाद कडेल डि.व.अ., डि.व.का. कैलाली
दिर्घराज जोशी नेकपा (एमाले) जिल्लाकमिटी कैलाली

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली

Scanned with CamScanner

आज मिति २०७७।१२।२६ गते प्र.जि.अ. श्री खगेन्द्र प्रसाद रिजाल ज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति :-

प्र.जि.अ. श्री खगेन्द्र प्रसाद रिजाल - जि० प्रशा० का०

जोशीपुर गा.पा. अध्यक्ष - श्री राम कृष्ण चौधरी

बर्दगोरिया गा.पा. अध्यक्ष - श्री बलीराम डगौरा

प्र.प्र.जि.अ. श्री हिरालाल चौधरी - जि.प्रशा.का.

गा.पा. अध्यक्ष श्री धन बहादुर रोकाया - चुरे गा.पा.

प्र.उ. " - जिल्ला प्रहरी कार्यालय

प्र.सेनानी " विकास के.सी. भवानी दल गण

स.प्र.उ. " हिपेन्द्र कुवर - स० प्रहरी बल नेपाल

उप.अ.नि. " रमेश सिंह डांगी - रा० अनुसन्धान

सभापति " उत्तम जोशी - नेपाल रेडक्रस सोसाइटी

नि.का.प्र. " लाल बहादुर धामी - स्वास्थ्य का० के

फिल्ड प्रमुख बैकुण्ठ सुवेदी - राष्ट्रिय विकास ...

नौ.के.सभापति विष्णु ...

धनबहादुर ओली रेडियो कैलाली

प्रतिनिधि - रमेश सिंह धामी नेकपा (माओवादी केन्द्र)

सि.डि.ई - मोहन कैंडर खा.पा. तथा स.डि.डि. कैलाली

प्रतिनिधि - रामानन्द भट्ट गोदावरी न.पा. वडा नं. १ कार्यालय

कार्यालय प्रमुख - पर्सिकोर नेपाल - सरोज कु. ठाकुर - ९८५८४२३६९८

DRR/CCA manager @ LWF. लक्ष्मी अवस्थी ९८५८०२५४९९

धनगढी उपमहानगरपालिका - कृष्ण बं. बोहरा ९८५८४२०६८६

नेपाल रेडक्रस सोसाइटी CEAL officer ९८५८०२०९३० नरेन्द्र भट्ट

कैलारी गा.पा. (स.नि.) प्रकाश कुलेन - ९८५८४२०८५४

प्र.प्र. अधिकृत - भजनी नगरपालिका - ९८४९३६५३८९

टीकापुर नगरपालिकाका उपप्रमुख केशरी बिष्ट ९८४८४२१९१७

धनगढी उ.म.न.पा. - उपप्रमुख - सुशीला मिश्र

जे सी आई कैलाली सभापति - पुजा जोशी

जानकी गा.पा. कार्यपालिका सदस्य रामकिशोर चौधरी

" " उपाध्यक्ष उमा महरा

Scanned with CamScanner